"सम्पूर्ण क्षेत्रको समुचित विकास, खाँदवारी नगरपालिकाको प्रयास"

# खाँदवारी नगरपालिका

## Khandbari Municipality

## नगर कार्यपालिकाको कार्यालय

## Office of the Municipal Executive

खाँदबारी,सङ्खुवासभा

१ नं. प्रदेश, नेपाल ।

च.न.: ६२६८

प.सं : २०७४/०७५(कार्यपालिका सचिवालय)

मिति : २०७५/०२/१४

श्री वडा अध्यक्ष ज्यू (सवै)

श्री कार्यपालिका सदस्य ज्यू (सवै)

खाँदवारी संखुवा सभा ।

विषय : कार्यपालिकाको वैठकको निर्णय प्रतिलिपि उपलव्ध गराइएको वारे ।

प्रस्तुत विषयमा यस खाँदवारी नगरपालिकाको कार्यपालिका को वैठक नं २३ औं को निर्णय प्रतिलिपि यसै साथ संलग्न राखी आवश्यक कार्यार्थ पठाइएको व्यहोरा अनुरोध छ ।

सादर अवगातार्थ

श्रीमान प्रमुख ज्यू, श्रीमान उप प्रमुख ज्यू ।

वोधार्थ तथा कार्यार्थ

सबै शाखा/उप शाखा र इकाई प्रमुख ज्युहरु

खाँदवारी नगरपालिका कार्यालय : आ आफ्नो शाखा । उपशाखा/इकाई समितिसंग सम्वन्धित निर्णयहरु आवश्यक समन्वय र सहकार्य साथ यथासिघ्र सम्पादन गर्न हुन र त्यसको प्रगति समेत पेश गर्नु गराउनु हुन सुचित गर्दछु ।

(कृष्णकुमार निरौला)

प्रमुख प्रशासकीय अधिकृत

बैठक नं. २३ २०६५।०२।१३

आज मिति २०६५ साल जेठ १३ गते आइतवार, खाँदवारी नगर कार्यपालिकाको प्रमुख श्री मुरारी प्रसाद खतिवडा ज्यूको अध्यक्षतामा कार्यपालिकाको तेइसौं बैठक बसी निम्नानुसार प्रस्ताव माथी छलफल गरि सर्वसम्मत निर्णय गरियो।

- उपस्थिति -

१. श्री मुरारी प्रसाद खतिवडा, प्रमुख, नगर कार्यपालिका
२. श्री डेगेश्वरी श्रेष्ठ, उप. प्रमुख " — "
३. श्री निरञ्जन श्रेष्ठ सदस्य वडा नं.१ " — "
४. श्री ज्ञान ब. श्रेष्ठ " — " २ " — "
५. श्री देवराज घिमिरे वडा. " — " ३ " — "
६. श्री खोजेत राई सदस्य " — " ४ " — "
७. श्री श्याम प्र. तिरौला वडा. " — " ५ " — "
८. श्री दयासिंह बराल सदस्य " — " ६ " — "
९. श्री अनिता श्रेष्ठ वडा. " — " ७
१०. श्री उम्वर बहादुर कटुवाल " — " ८ " — "
११. श्री टिकाराम कुमाल " — " ९ " — "
१२. श्री केशवराजसिं थापा " — " १० " — "
१३. श्री नगेन्द्र गुरुङ " — " ११ " — "
१४. श्री कुङगाङ लामा, कार्यपालिका सदस्य.
१५. श्री बाल कुमारी खड्का " — "
१६. श्री सुनीता कटुवाल कार्की " — "
१७. श्री इन्द्रमाया बराइली " — "
१८. श्री गोपीमाया घिमिरे " — "
१९. श्री लक्ष्मी राई सुनुवार " — "
२०. श्री चन्द्रकला तामाङ " — "
२१. श्री पदमलाल कार्की " — "
२२. श्री कृष्णकुमार तिरौला सचिव, नगरकार्यपालिका.
२३. श्री मिलेश श्रेष्ठ. बैठक निर्णय लेखक, ना.सु.
१. श्री कृष्णमणि श्रेष्ठ लेखा अधिकृत.
श्री सरोज कु. श्रेष्ठ लेखापाल
श्री सुरेश कार्की . ना. सु.

निर्णय नं. १

आगामी आ.व. २०७५/०७६ का लागि नगरविकास योजना तर्जुमा गर्न स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको सिफारिस बमोजिम नगर विकास योजना तर्जुमा मार्गदर्शन २०७५, बजेट सिलिङ्ग र कार्ययोजनामा छलफल गरी अनुसुची १ बमोजिम निर्णय गरियो ।

निर्णय नं. २

यस नगरपालिकाको करारमा कार्यरत निम्न बमोजीमका कर्मचारीहरुको म्याद ०७४ फागुन मसान्तमा समाप्त भएकोले ०७४ चैत्र देखि ०७५ साल असार मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

तपशिल :

क) स्वीकृत दरबन्दीमा कार्यरत कर्मचारीहरु

१ सूरज श्रेष्ठ - इन्जिनियर

२ चूडामणी दाहाल -अ.सब.ईन्जिनियर

३ सुशिला गिरी - स्वास्थ्य तथा वातावरण सहायक

४ रामजी भट्टराई - का.स.

ख) १ धनराज वि.क. - नगर रक्षक

२ चन्द्रबहादुर मगर -नगर रक्षक

३ भगवती भेटुवाल - का.स.

४ रिता वि.क. - का.स.

५ योगेन्द्र घले- सवारी चालक

६ गोपाल श्रेष्ठ - इलेक्ट्रीसियन

७ नरेन्द्रबहादुर गुरुङ - कार्यालय सहयोगी

८ चिर बहादुर भुजेल - कार्यालय सहयोगी

निर्णय नं ३

**निम्न योजना तथा कार्यक्रमहरु स्वीकृत तथा अनुमोदन गर्ने निर्णय गरियो ।**

१) कार्यालयबाट नियमानुसार चमेना गृह सम्पूर्ण खरिद प्रकृया पुरा गरी श्री साजिला कन्ट्रकसन खाँदवारी १ ले पेश गरेको दरभाउ पत्र रु ४९२०५०/३० लाई अनुमोदन गरि कार्य अगाडी वढाउने ।

२) खाँदबारी नगरपालिकाको कम्पाउण्ड हाता भित्र पेविङ्ग बिच्छ्याउने कार्यको लागी कुल ल.ई. रु. १३,९०,४८०.८९ (भ्याट बाहेक) रहेको । बोलपत्र सूचना अनुसार निमानुसार श्री ल.वि. किरण कन्स्ट्रकसन खा.न.पा. १ को ठेक्का स्वीकृत भएको र सो कार्यको लागी नगर सभाबाट बिनियोजन भएको रकममा रु.६४,८३२।७० रकम नपुग हुने भएकोले सो रकम थप गर्नु पर्ने भनि शाखाबाट पेश भएको टिप्पणी श्रीमान प्रमुख स्तरिय निर्णयबाट मिति २०७५/०१/१० गते सदर भएकोले सो रकमें र यसरी ठेक्का अनुसार कार्य समेत अगाडि बढिसकेको हुनाले सो सम्बन्धी भएको ठेक्का प्रकृयालाई समेत अनुमोदन गर्ने ।

३. यस कार्यालयवाट नियमानुसार अनुसार वोलपत्र को माध्यमवाट आवश्यक प्रकृया पुरयाई यस कार्यालयको २०७५ साल वैसाख १३ गतेको निर्णय अनुसार श्री नेसनल फायर सेफ प्रा.लि. सुर्य विनायक न. पा. वार्ड न. ३ वालकोट पानीटयांकी भक्तपुरलाई Case Back Hoe Loader खरिद गरेको रु. ३९,३५,०००.०० भुक्तानी दिने ।

४. खाँदबारी नगरपालिकाको नाममा खाँ.न.पा.१ स्थित भानूचौकमा रहेको पुरानो न.पा.भवनमा मर्मत गर्नको लागी नगर सभाबाट बिनियोजन भएको रकमले भएको कार्य गर्न भएको बोलपत्र सूचना अनुशार नियमानुशार श्री हिमालय कन्ट्रशन खाँ.न.पा. १ को ठेक्का स्वीकृत भएको र सो स्वीकृतिमा रु. २१,१८२।९७ नपुग भएकोले सो रकम थप गरि कार्य लगाउन शाखाबाट पेश भएको टिप्पणी श्रीमान् प्रमुख स्तरिय निर्णयबाट मिति २०७५/१/१२ गते सदर भएकोले उक्त बिषय अनुमोदन गर्ने ।

५. मिति २०७४-१२-२८ गते देखि २०७५-०१-०५ गते सम्म सञ्चालित कर्मचारीका लागि सुचना प्रविधि तालीममा कम्प्युटरको प्रयोग, नगदि तथा एकिकृत सम्पत्ति कर ,पञ्जिकरण तथा सामाजिक सुरक्षा लगायत विषयमा नगरपालिका कार्यलयमा सो फाँटमा कार्यरत कर्मचारी प्रदिप बुढाथोकी, रिता वि.क, रोसन निरौला तथा सो विषयका विज्ञ साङ्गरिला सफ्टवेरवाट वाहिय प्रशिक्षक आर्जव नेपाल द्वारा वडा सचिव , सामाजिक परिचालक र नगरपालिकाका कार्मचारीहरु समेत गरि जम्मा २५ जना प्रशिक्षार्थिलाई प्रशिक्षण गरिएको कार्यक्रम तालिमको खर्च रु २,६०,५५०/(दुई लाख साठी हजार पाँच सय पचार मात्र) अनुमोदन गर्ने ।

६. यस कार्यालयको लागि १२१ हिलटेक डष्टविन आवश्यक रहेको हुदाँ उक्त सामानहरु नियमानुसार यस कार्यालयवाट प्रकृया पुरा गरी कोटेसनको माध्यमवाट यस कार्यालयको मिति २०७५।१।२५ गतेको निर्णय अनुसार खरिद गरी सामानहरु समेत प्राप्त भई सकेको हुदाँ उक्त सामानहरु उपलब्ध गराउने सम्वृद्धी इन्टरनेसलन प्रा. लि. काठमाण्डौ म. न. पा. वार्ड न. १० नया वानेश्वर काठमाण्डौ लाई रु. ४,९८,७९१.०४ रुपयाँ वरावरको रकम नियमानुसार भुक्तानी दिने ।

७) खाँदवारी नगरपालिकाको आ.व. २०७४/०७५ को स्वीकृत कार्यक्रम अनुसार दोस्रो चौमासिकमा ५० प्रतिशत अनुदानमा मिनि पावर टीलर १५ थान र तेस्रो चौमासिकमा १७ थान गर जम्मा ३२ थान मिनि पावर टीलर वितरण गरिएको हुँदा उक्त कार्यक्रमको लागी कृषकहरुलाई ११,५२,०००/(एघार लाख बाउन्न हजार मात्र) अनुदान रकम कृषकहरुलाई दिइएको हुँदा उक्त रकम अनुमोदन गर्ने ।

८) खाँदवारी नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार दोस्रो चौमासिकमा ५० प्रतिशत अनुदानमा प्लाष्टिक टनेल वितरण गरि कृषकहरुलाई ८,००००० /(आठ लाख मात्र) अनुदान रकम दिइएको हुँदा उक्त रकम अनुमोदन गर्ने निर्णय गरियो ।

९) खाँदबारी नगरपालिकाको स्वीकृत बार्षिक कार्यक्रम अनुसार कृषि प्रसार कार्यक्रम तर्फ कार्यक्रम संचालन गर्न लिएको पेश्की रु. २,३३,५००.०० र आलु विकास कार्यक्रम अन्तर्गत आलुको विउ खरिद गर्न लिएको पेश्की रु १,५०,०००.०० र ढुवानी भुक्तानी दिन पर्ने रु. ४०,०००.०० गरी जम्मा रकम रु. ४,२३,५००.०० निज कृषि प्रसार अधिकृत श्री राम बहादुर ठाकुरको नाममा रहेको पेश्की फर्छ्यौट गरी बाँकी रकम रु. ४०,०००.०० मात्र भुक्तानी दिने ।

१०) आर्थिक विकास शाखा (पशु स्वास्थ्य शाखा) बाट पेश भएको निम्नानुसार कार्यक्रम संचालन गर्न नगर प्रमुख ज्यूबाट भएको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

- रेविज भ्याक्सिनेसन तथा कुकर बन्ध्याकरण सिविर ३ दिने कार्यक्रम सन्चालन ।
- मिन्चिवा सहकारी संस्था,खा.न.पा. ११ सिम्ले लाई बंगुर खेती फल्लोअफ कार्यक्रम सन्चालन ।

११) खाँदवारी नगरपालिकाको विभिन्न वडाहरुमा रहेको स्वास्थ्य सस्थाहरुमा रिक्त रहेको तपसिलका प्राविधिक कर्मचारीहरु मिति २०७४/११/२१ र २०७५/०१/०६ गते प्रकाशित सूचना अनुसार नियुक्त भएका कर्मचारीहरु अनुमोदन गरि सम्वन्धित स्वास्थ्य सस्थामा खटाउने निर्णय गरियो ।

| सि.न. | नाम/थर | पद | खटिई जाने स्वास्थ्य सस्थाको नाम | कैफियत |
|---|---|---|---|---|
| १ | कमल राई | अहेव | शहरी स्वास्थ्य केन्द्र चेवावेशी | |
| २ | शाहारा वर्देवा | अनमी | शहरी स्वास्थ्य केन्द्र चेवावेशी | |
| ३ | विद्या अधिकारी | अनमी | सित्तलपाटी स्वा.चौ. | |
| ४ | तारा राई | अनमी | शहरी स्वास्थ्य केन्द्र सेकाहा | |
| ५ | सर्मीला तामाङ | अनमी | तुम्लीङटार स्वा.चौ. | |

१२) वडा कार्यालयको व्यवस्थापनका लागि रु. १३,८०,०२६। वरावरको कोर आई थ्रि कम्प्युटर, कोर आई फाइभ कम्प्यूटर, डट प्रिन्टर र व्याकअप इन्भर्टर खरिदका लागि सिलबन्दी दरभाउ पत्रको माध्यमद्धारा मिति २०७५।२।२ गतेको निर्णय अनुसार नियमानुसार प्रकृया पुऱ्याई सम्झौता समेत भई सकेको हुदा सोरकम अनुमोदन गर्ने ।

१३) वडा कार्यालय व्यवस्थापनका लागि रु. १५,१७,१४९.८। रुपयाँ बराबरको फर्निचरका सामाग्रीहरु, स्टेसनरीका सामाग्रीहरु र छपाइका सामाग्रीहरु नियमानुसार सिलबन्दी दरभाउ पत्रको माध्यमबाट खरिद प्रकृया अगाडि वढाई कार्यालयको मिति २०७४।२।२ गतेको निर्णयद्धारा सो रकम अनुमोदन गर्ने ।

१४) खाँदबारी नगरपालिकाकाले प्रत्येक वडा कार्यालयमा सुरुवात भई सकेको अवस्थामा भएगरेका कार्यहरुलाई / तथ्याँकहरुलाई एकिकृत गर्नको लागि आवश्यक पर्ने सर्वर स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तर्गत खर्च शिर्षक नं. २२५२२ बाट सर्वर खरिद गर्नको लागि रु. ५,००,००.०० मात्र खर्च गर्ने गरी कोटेशन दरभाउपत्र मार्फत खरिद प्रक्रिया अगाडी बढाउने ।

१५) खाँदबारी नगरपालिकाकाले प्रत्येक वडा कार्यालयमा सुरुवात भई सकेको अवस्थामा एकीकृत सम्पती कर नगदी रसिद व्यवसाय कर आदि कार्यहरु व्यवस्थित रुपमा सफट्वेयर मार्फत गर्नुपर्ने हुँदा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तर्गत खर्च शिर्षक नं. २२५२२ बाट सफट्वेयर खरिद गर्नको लागि रु. ५,००,००.०० मात्र खर्च गर्ने गरी कोटेशन दरभाउपत्र मार्फत खरिद प्रक्रिया अगाडी बढाउने ।

१६) खाँदबारी नगरपालिकाले खरिद गरेको विभिन्न कम्पुटर,प्रिन्टर आदि खरिद भएको हुँदा उक्त खरिद भएको सामाग्रीहरु खरिद गरि सकिएको हुँदा नपुग रकम स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तर्गत खर्च शिर्षक नं. २२५२२ बाट रु. ७,६०,०००.०० मात्र खर्च लेख्ने निर्णय गरियो ।

१७) खाँदबारी नगरपालिकाको विभिन्न वडाहरुमा रहेको खाल्सीहरुलाई व्यवस्थित गर्न आवश्यक पर्ने ( हुम पाइपहरु) दरभाउपत्र कोटेशन मार्फत खरिद प्रकृया अगाढि बढाउन आवश्यक रकम रु. ४,७४,४४५.१५ सिचाई , खानेपानी तथा ढल शिर्षक तर्फबाट खर्च हुने गरी खरिद प्रकृया अगाडी बढाउने ।

१८) न्यानो झोला खरिद सम्बन्धी नियमानुसार सम्पूर्ण प्रकृया पुरा गरी स्वास्थ्य शाखाबाट पेश भएको विवरणको/प्रतिवेदनका आधारमा खरिद भएको न्याने झोला सम्बन्धी रु. ४,४९,१४५.८० मात्र भुक्तानी गरिएको हुँदा सो कार्यलाई अनुमोदन गर्ने ।

१९) खाँदवारी अस्पताल सुधारका लागी यस आ.व.मा खर्च गर्ने गरि विभिन्न अत्यावस्यक औषधीहरु खरिद प्रकृया पुरा गरि जम्मा रु ४,७९,१८६। वरावरको औषधी खरिद गरिएको हुँदा सो खरिद कार्यलाई अनुमोदन गर्ने ।

२०) खाँदबारी नगरपालिका भित्र खोलिएका सडकहरुको लगत राख्न,सडकहरुको प्राथमिकिकरण , सडकहरुको चौडाई ,सडकहरुंको नक्सा तयार पार्न र सडकहरुलाई एकरुपता ल्याई व्यवस्थित पूर्वाधार विकास कार्यको लागि नगर यातायात गुरु योजना(MTMP) तयार पार्नको लागि प्रथम नगरसभाबाट स्वीकत भएको बजेट रु. ६,००,०००.०० रहेको र सो रकम अपुग भएको हुँदा नपुग रकम रु. ४,००,०००.०० अध्ययन तथा पुजिगत प्राविधिक शिर्षकबाट खर्च गर्ने हुने गरी खरिद प्रकृया अगाडी बढाउने ।

२१) प्रथम नगरसभा वाट आ.व. २०७४/०७४ को लागी स्कृित बजेट तथा कार्यक्रमहरुको २०७५ साल वैशाख मसान्त सम्म भएको निकाशा तथा खर्च विवरण कार्यपालिकाको २३ औ वैठकमा पेश भई जानकारी भयो र सो को अनुमोदन गर्ने ।

२२) खाँदबारी नगरपालिका कार्यालयको हक स्वामित्वमा रहेको गाडी नं. बा १ भ ३१९६ को महेन्द्र स्कोर्पियो गाडी मिति २०७५साल बैशाख १३ मा भएको मर्मत वापतको खर्च रकम रु. १,३७,४३१.७३

विजक नं. १८७६/१८७७/१८७८ र पुरानो बाँकी रकम रु. ४३,०२३.७३ गरी जम्मा रु. १,८०,४५५.४६ रकम नियमानुसार भुक्तानीको प्रकृया अगाडि वढाउने ।

**निर्णय नं. ४**

ठेक्का प्रकृया मार्फत कार्य भएको खाँ.न.पा. १२ हाल खाँ.न.पा. ९ स्थित रहेको तुम्लीङ्टार बसपार्कको कार्यको सम्बन्धमा मिति २०७४।०४।०१ च.नं. ११ मा उक्त कार्यको सम्बन्धमा ल्याव परिक्षणको प्रतिबेदन पेश गर्न ठेकेदारलाई माग गरिएको र मिति २०७४।०४।२५ मा ल्याव परिक्षणको प्रतिबेदन पेश भएको । सो कार्यको सम्बन्धमा प्राबिधिक शाखाबाट मिति २०७४।०४।२६ कार्य सम्पन्न प्रतिबेदन तयार भएको । अन्य निकाय एवं कार्यपालिकाका पदाधिकारीहरुबाट समेत स्थलगत अबलोकन गर्दा सो कार्य ठेक्का बमोजिम सम्पन्न भएको देखिएको हुँदा प्रमुख प्रशासकिय अधिकृतबाट कार्यसम्पन्न प्रतिवेदन वा अन्तिम प्राबिधिक बिल प्रमाणित गर्न निर्देशन दिने र उक्त कागजातहरु अ.दु.अ.आ. को माग बमोजिम पठाउने निर्णय गरियो ।

**निर्णय नं. ५**

तत्काल खाँदवारी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थामा कार्यरत निम्न कर्मचारीहरुलाई प्रथम नगर सभावाट उक्त सस्थावाट नै तलव ,भत्ता उपलब्ध गराउने गरि फिर्ता पठाइएकोमा, उक्त संस्थाले खानेपानी संचलानमा आवश्यक सहयोग गर्ने गरि  यस नगरपालिकामा फिर्ता भई आएको हुँदा  मिति २०७४ कार्तिक देखि २०७५ असार मसान्तसम्म म्याद थप गरि, निम्न कर्मचारीहरुको करार संम्झौतामा उल्लेख भएनुसारको तलब, भत्ता आदि सेवा, सुविधा न.पा. कार्यालयबाट उपलब्भ गराउने र सो विषयलाई आगामी नगर सभावाट अनुमोदन गर्ने गरि नीजहरुको काज फिर्ता गराई न.पा. कार्यालय तथा वडा कार्यालयहरुमा कामकाज लगाउने निर्णय गरियो ।

तपशिल :

१. विदुर बराल -खा.पा. चौकीदार

२. विनोद दर्लामी -खा.पा. चौकीदार

३. गोविन्द चर्मकार -कोदाले

**निर्णय नं. ६**

नगरपालिकाको स्वामित्वमा रहेको निम्न स्थानका बसपार्कको जग्गाहरुमा बसपार्क निर्माणका लागि संभाव्यता अध्ययन , विस्तृत अध्ययन गरी आवश्यक ऋण/अनुदान सहयोग समेत उपलब्ध गराउनको लागि नगरविकास कोष (TDF) मा अनुरोध गर्ने निर्णय गरियो ।

१) बसपार्क ,खा.न.पा. १ टुडिखेल

२) बसपार्क ,खा.न.पा. २,चेवावेसी

३) बसपार्क ,खा.न.पा. ३ ,मानेभन्ज्याङ

४) बसपार्क ,खा.न.पा. ९,तुम्लिङटार

**निर्णय नं. ७**

खाँदवारी नगरपालिकाद्धारा संचालीत विगत तथा चालु आ.व.को योजना/कार्यक्रमहरु नगर कार्यपालिकाको उप प्रमुख ज्युको संयोजकत्वमा गठीत योजना अनुगमन तथा फरफारक समिति विभिन्न मितिमा स्थलगत रुपमा अनुगमन गरि फरफारक समेत गरि सकेका १४७ वटा योजना/कार्यक्रमहरु अनुमोदनका लागी पेश हुन आए वमोजिम अनुमोदन गर्ने निर्णय गरियो ।

विवरण अनुसूचीमा उल्लेख छ ।

**निर्णय नं. ८**

क) खाँदबारी नगरपालिका भित्र रहेको विभिन्न योजना तथा कार्यक्रमहरु छिटो,छरीतो र पारदर्शी रुपमा सेवा उपलब्ध गराउनु पर्ने हुँदा सो सम्बन्धमा सर्भेका सामानहरु कोटेशन दरभाउपत्र मार्फत रु. ४,४९,७४०.०० (भ्याट सहित) रकम कन्टेजेन्सी मार्फतको शिर्षकबाट खर्च हुने गरी प्रकृया बढाउने निर्णय गरियो ।

ख) खाँदबारी नगरपालिका क्षेत्र भित्र नया सडकहरु निर्माण गर्नको लागि डिटेल सर्भे, डिजाइन तथा लागत अनुमान तयार गर्न आवश्यक भएकों हुँदा उक्त कार्य गर्नको लागि डोलिडारको रोड सर्भे नर्म्स अनुसार भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ९**

स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम खोला, नदि नालाबाट बालुवा ढुङ्गा, गिटि आदि झिकी आगामी आ.व. देखि ठेक्का बन्दोबस्त गर्ने जिम्मेवारी यस नगरपालिकामा आएकोले सो- कार्य गर्न प्रारम्भीक वातावरण परीक्षण प्रतिवेदन प्राप्त नगरी गर्न नसकिने हुँदा यथाशिघ्र परामर्शदाता नियुक्त गरी उक्त कार्यलाई तिव्रता दिने निर्णय गरियो । साथै सभा खोला र अरुण नदिको ठेक्का बन्दोबस्त गर्नुपर्ने भएको हुँदा छिमेकी न.पा. र गा.पा.हरु संग आवश्यक समन्वय गरी कार्य अगाडी बढाउन नगर प्रमुखलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १३ बमोजिम न्यूनतम दर रेट निर्धारण गर्नका लागि सिफारिस गर्ने प्रयोजनार्थ देहाय बमोजिमको दर रेट निर्धारण सिफारिस समिति गठन गर्ने निर्णय गरियो ।

१) श्री मुरारीप्रसाद खतिवडा नगर प्रमुख - संयोजक

२) श्री जिल्ला प्रशासन कार्यलयको अधिकृत प्रतिनिधी – सदस्य

३) श्री प्रमुख कोष नियन्त्रक कोष तथा लेखा नियन्त्रण कार्यालय- सदस्य

४) श्री प्रमुख जिल्ला इन्जिनियर जिल्ला प्राविधिक कार्यालय - सदस्य

५) श्री अध्यक्ष संखुवासभा उद्योग वाणीज्य संघको -सदस्य

६) श्री अध्यक्ष नेपाल निर्माण व्यवसायी संघ संखुवासभा सदस्य

७) श्री अध्यक्ष क्युपेक संखुवासभा

८) श्री कार्यपालिका सदस्य श्री कुङगाङ लामा सदस्य

९) श्री ईन्जिनियर खाँदबारी न.पा. सदस्य सचिव

नोट आवश्यकता अनुसार अन्य सदस्यहरुलाई पनि आमन्त्रण गर्न सकिने छ ।

## निर्णय नं. - ११

तुम्लीङ्गटार शुक्रबारे हटियाको ठेक्काको न्यूनतम कबोल अंक रु.३०,०००।(तिस हजार मात्र) भएकोमा श्री कुलबहादुर राईले सबै भन्दा बढी रु ३०१००। (तिस हजार एक सय मात्र) कबोल गरेको तथा खा.न.पा. १ मा रहेको बुधबारे तथा शनिबारे हाटको न्यूनतम कबोल अंक रु १,०५,०००। (एक लाख पाँच हजार मात्र) रहेकोमा श्री कुलबहादुर राईले सबैभन्दा बढी रु १,०८,०००। (एक लाख आठ हजार मात्र) कबोल गरेका छन् । मिति २०७५।०१।२६ गतेको मूल्यांकन समितिको निर्णयअनुसार र स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ को दफा ६९ मा व्यवस्था भए अनुसार सिफारिस भएका साविक दिदिङ्ग ८ र हाल खा.न.पा. १ बस्ने श्री कुलबहादुर राईको हाटकर सम्बन्धी कबोल सबैभन्दा बढी भएकोले निजको कवोल अंक स्वीकृत गरी सम्झौता गर्ने निर्णय गरीयो ।

## निर्णय नं. १२

जिल्ला अस्पताल, संखुवासभाको प.स. ०७४/०७५ च.न. ११६२ मिति २०७५।०२।०८ मा यस कार्यालयमा दर्ता भएको पत्रानुसार चालु आ.व.को अस्पताल सुदृढीकरण बजेट उप शिर्षकमा विनियोजन भएको रु. २४,००,०००।- मध्ये रु ४,८०,०००। को औषधि खरिदको लागि छुट्टाई बाँकी रहने रकम निम्न शर्त बन्देजको अधिनमा रही जिल्ला अस्पताल संखुवासभा प्रमुखलाई जिम्मेवार बनाई पेश्की स्वरुप पठाउने निर्णय गरियो ।

**शर्तबन्देजहरु :**

१. खर्च गर्दा सार्वजनिक खरीद ऐन, तथा नियमावली लगायत प्रचलित ऐन नियम अनुसार खर्च गर्नु पर्नेछ । उक्त रकम खर्च मिति २०७५।०३।१५ भित्र गरीने सक्कल श्रेस्ता कागजातहरु यस न.पा.मा बुझाई सक्नु पर्नेछ ।

२. नेपाल सरकारले जारी गरेको अस्पताल सुदृढीकरण निर्देशिका बमोजिम खर्च प्रतिशत एवं रकम एकिन गरी सो अनुरुप चालु आ.व. भित्र सम्पन्न हुने गरी कार्यक्रम बनाई नगर प्रमुखबाट स्वीकृत गराई मात्र खर्च गर्नु गराउनु पर्नेछ ।

३. खर्च रकम अनियमितता भए वा बेरुजु भएमा सो को सम्पूर्ण जवाफदेही जिल्ला अस्पताल संखुवासभा रहने छ ।

**निर्णय नं. १३**

खाँदबारी नगरपालिकाको हाल सम्म संचालित योजना तथा कार्यक्रमहरुको समिक्षा गर्न , न्यायीक समितिका पदाधिकारीहरुको चयन गर्न, ऐन कानुन परित गर्न र योजना कार्यक्रम तथा बजेटको अनुमोदन गर्न दोस्रो नगरसभाको बैठक मिति २०७५ जेष्ठ २५ गते विहान ८ बजे जि. स. स. सभाहलमा बोलाउने निर्णय गरियो साथै यस सम्बन्धी तयारी सबै शाखा,उपशाखा,इकाइले गर्न निर्देशन दिने समेत निर्णय गरीयो ।

**निर्णय नं १४**

सामाजिक सुरक्षा कार्यक्रम भत्ता/बृत्ति प्राप्त गर्ने लाभग्राहीहरु मध्ये वाल संरक्षण र पुर्ण र आसिंक अपागंता भएका ब्यक्तिहरुको संरक्षकको नाममा संयुक्त खाता खोल्न सकिने ब्यवस्था भएको तर अन्य लाभग्राहीहरुको हकमा सो ब्यवस्था नभएको हुदाँ वृद्ध वा असक्त लाभग्राहीहरुको संरक्षक सहितको खाता संचालनका लागि वडा समिती/वडाध्यक्ष को सिफारिस प्राप्त भए पश्चात मात्र सम्वन्धीत वडा सचिव वा तोकिएको कर्मचारीलाई खाता संचालन का लागि वैकमा सिफारिस गर्नु पर्ने निर्णय गरियो ।

**निर्णय नं १५**

खाँदबारी नगरकार्यपालिकाबाट गठित आर्थिक विकास समितिमा श्री सुनिता कटुवाल कार्कीलाई संयोजकको जिम्मवारी दिने निर्णय गरियो ।

**निर्णय नं १६**

**विविध :**

१) खाँदबारी नगरपालिका वार्ड नं. १ स्थित शनिबारे तथा बुधबारे हाट छेउमा रहेको आयमूलक भवनको ठेक्का वन्दोवस्त गर्न सूचना प्रकासित गरिएकोमा कसैले पनि ठेकका सम्झौता गर्न नआएको र पोखरी बजार छेउमा रहेको आयमुलक भवनको ३ (तिन) पटकसम्म सुचना प्रकाशित गर्दा कबोल पत्र पेश हुन नआएकोले उक्त दुवै भवनहरु बार्ताद्धारा सहमतीको आधारमा भाडामा लगाउने निर्णय गरियो ।

२) उपरोक्त सम्बन्धमा यस न.पा. कार्यालयको कामको सिलसिलामा कार्यालयमा मगाई खाजा नास्ता तथा पानीको आदि खर्च भएको निम्नानुसारको होटल पसलको रकम भुक्तानी दिन बाँकी रहेको हुँदा उक्त भुक्तानी बाँकी रकम विविध खर्च शिर्षक बाट भुक्तानी दिने निर्णय गरियो ।

निम्न

- होटल प्रतिभा एण्ड लज — रु. १८,३५०.००
- न्यू सुनसरी स्वीट हाउस — रु. २११०.००
- रसना थकाली भान्सा घर — रु. १०६०.००
- न्यू होटल चाइनागेष्ट हाउस — रु. ४७९५.००

* ओम कटुवाल साहाकारी भोजनालय    रु.६२८०.००

*जम्मा*    *रु. ३२,५९५.००*

५) खाँदबारी नगरपालिकाको दैनिक रुपमा संचालन हुने कामको चापलाई मध्यनजर गरी कार्यालयको समय अतिरिक्त विहान वेलुका खटिने कर्मचारीहरुलाई ओभर टाइम/अतिरिक्त समय बापतको रकम नियमानुसार उपलब्ध गाराउने निर्णय गरियो ।

६) खाँदवारी नगरपालिकाका विभिन्न वडा समितिहरुवाट सिफारिस भई आएको तपसिलका योजना तथा कार्यक्रमहरु निम्न लिखित शिर्षकहरुवाट खर्च लेख्ने गरि कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो ।

| क.स. | योजना तथा कार्यक्रमको नाम | खर्च लेख्ने विनियोजित शिर्षक | विनियोजित रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | गम्बा कुवा मर्मत खा.न.पा. ८, | सि.नं. २ बाट अन्य भौतिक पूर्वाधार योजनाहरु | २५,०००/( पच्चीस हजार मात्र) | |
| २ | खेलकुद विकास समिति खा.न.पा.१०,चन्दनपुर( फुटवल खेल्नको लागि) | शिक्षा तथा स्वास्थ्य तर्फ | ५०,०००/(पचास हजार मात्र) | |
| ३ | मलामी पाटी निर्माण खा.न.पा. ८ सखुवाको काठ चिरानी खर्च | सि.नं. २ बाट अन्य भौतिक पूर्वाधार योजनाहरु | ६०,०००/(साठी हजार मात्र) | |

७) खाँदवारी नगरपालिकाको प्रथम नगरसभा वाट पारित विभिन्न योजना तथा कार्यक्रमहरु संसोधन गरि कार्यान्वय गर्नको लागी विभिन्न वडा समितिहरुवाट निर्णय गरि कार्यक्रम संसोधन गरि कार्यान्यन गर्न सिफारिस भई आएका निम्नानुसार योजना तथा कार्यक्रमहरु संसोधन गरि कार्यान्वयन गर्ने प्रथम नगर सभाको निर्णय नं २७ ले दिएको अधिकार प्रयोग गरि संसोधन गर्ने निर्णय गरियो ।

| साविक भएको योजना | हाल संशोधन भएको योजना |
|---|---|
| अभिषेक होटल देखि लाहाचे तुर्के पुलबाट मर्मत र न्यू एभरेष्ट होटल साघुरी जाने मोटरबाटो स्तरवृद्धि,खा.न.पा. ९ | अभिषेक होटल र न्यू एभरेष्ट होटलबाट लाहाचे साघुरी तुर्के पुल सम्मको सडक मर्मत तथा स्तरवृद्धि,खा.न.पा. ९ |

८) व्यवसाय करदर्ता बापत यस कार्यालयलाई प्राप्त भएको रकम मध्ये सखुवासभा उ. बा. संघ लाई २५ प्रतिशत दिने सहमती भए बमोजिम कार्यालयबाट रु. ३,३६,४७१।-(तीन लाख छत्तीस हजार चार सय एकहत्तर मात्र) आन्तरीक आयबाट खर्च हुने गरी दिएको रकम अनुमोदन गर्ने निर्णय गरियो ।

९) नगरकार्यपालिकाको वैठक नं. १५ को निर्णय नं. ६ मा ९ नौ सिट क्षमता हुनुपर्नेमा भुलवस ७ सात सिट क्षमता भएको हुँदा सोही अनुसार ९ नौ सीट क्षमता भएको एक थान सवारी साधन जिप उत्पादक वा अधिकृत विक्रेताद्धारा निर्धारित दरमा (क्याटलग सपिङ) को माध्यमद्धारा नियमानुसार खरिद गर्ने कार्यविधि २०७४ अनुरुप खरिद गर्ने निर्णय गरियो ।

अनुसुची १

# खाँदबारी नगरपालिका

## नगर विकास योजना तर्जुमाका लागि मार्ग दर्शन २०७५ :

आगामी आ.व. २०७५।०७६ को लागि स्थानीय सरकार संचालन ऐन, २०७४ र स्थानीय त्रहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित) लाई ध्यानमा राखी यस नगरपालिकाको वडा समितिको कार्यालय/विषयगत कार्यालय/शाखा/उपशाखा/इकाई/ नगरक्षेत्रमा कार्यरत सामाजिक संघ संस्थाहरुलाईसमेत निम्न बमोजिमको मार्ग दर्शन पठाइएको छ । सो मार्गदर्शनलाई विषेश ध्यानमा राखी योजना/कार्यक्रम तर्जुमा गरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६७ बमोजिम गठित बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्नु हुन समेत सूचित गरिन्छ ।

**१.योजना तथा कार्यक्रम तर्जुमाका आधारहरु :**

योजना तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, स्थानीय र प्रदेश सरकारले जारी गरेको नीति, कानून तथा मापदण्डहरु, स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४, संघिय, प्रादेशिक र स्थानीय तहको आवधिक विकास योजना, स्थानीय तहको मध्यकालिन खर्च संरचना, स्रोत साधन विकासका अन्तरसम्बन्धित विषयहरु, नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताबाट सिर्जित दायित्वहरु, संघ, प्रदेश र नगरपालिकाले अवलम्बन गरेका अन्य आर्थिक नीतिहरु, चौधौं योजनाले अवलम्बन गरेका नीति, रणनीति, योजना र कार्यक्रमहरु आदिलाई प्रमुख आधारको रुपमा मान्नुपर्नेछ ।

**२. योजना तथा बजेट तर्जुमा गर्दा निम्न विषयलाई प्राथमिकता दिनु पर्नेछ ।**

**क)** आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने,

**ख)** उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,

**ग)** जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने,

**घ)** स्थानीय सहभागीता जुट्ने, स्वयम सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,

**ङ)** स्थानीय श्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने,

**च)** महिला, बालवालिका तथा पिछडिएको क्षेत्र र समूदायलाई प्रत्यक्ष लाभ पुग्ने,

**छ)** लैगिंक समानता र सामाजिक समावेशीकरणमा अभिवृद्धि हुने,

**ज)** दिगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुऱ्याउने,

झ) भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने,

ञ) नगरपालिका, वडा समिति र विषयगत क्षेत्रले आवश्यकता महसुस गरेका अन्य विषयहरु

**योजना तर्जुमा गर्दा निम्न विषयगत क्षेत्र समेट्ने गरी योजना कार्यान्वयन र बजेट तर्जुमा गर्नु छ।**

**क) आर्थिक विकास :** यस क्षेत्र अन्तर्गत कृषि, पर्यटन, उद्योग तथा वाणिज्य, सहकारी वित्तिय जस्ता क्षेत्र समावेश गर्ने ।

**ख) सामाजिक विकास :** शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्द, लैंगिक समानता तथा सामाजिक समावेशीकरण ( महिला, बालवालिका, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति, दलित, आदिवासी जनजाति, मधेशी, मुश्लिम, थारु, अल्पसंख्यक आदि) जस्ता क्षेत्र समावेश गर्ने ।

**ग) पूर्वाधार विकास :** सडक तथा पुल (झोलङ्गे पुल समेत), सिंचाई, भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलविधुत, सञ्चार जस्ता क्षेत्र समावेश गर्ने ।

**घ) वन, वातावरण तथा विपद् व्यवस्थापन :** वन तथा भू-संरक्षण, जलाधार संरक्षण, जलवायु परिवर्तन, फोहोरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण विपद् व्यवस्थापन, वारुणयन्त्र सञ्चालन जस्ता क्षेत्र समावेश गर्ने ।

**ङ) सुशासन तथा संस्थागत विकास :** मानव संसाधन विकास, संस्थागत क्षमता विकास, राजस्व परिचालन, वित्तिय व्यवस्थापन, वित्तिय जोखिम न्यूनिकरण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, आन्तरिक र अन्तिम लेखापरीक्षण, बेरुजु फछ्र्यौट, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विधुतिय सूचना प्रविधिको प्रयोग, नागरिक सन्तुष्टी सर्वेक्षण र अन्तरनिकाय समन्वय जस्ता क्षेत्र समावेश गर्ने ।

**बस्ती तहका योजना छनौट गर्दा निम्नअनुसार गर्नुपर्नेछ।**

**क)** वडा समितिले आफ्नो वडामा प्रतिनिधित्व गर्ने सदस्यलाई विभिन्न बस्ती, टोलको योजना तर्जुमा गर्न सहजीकरण गर्ने गरी जिम्मेवारी प्रदान गर्नुपर्नेछ ।

**ख)** प्रत्येक वडाले वडा भित्रका बस्तीहरुमा योजना तर्जुमाको लागि बैठक हुने दिन मिति र समय कम्तिमा तीन दिन अगावै सार्वजनिक सूचनामार्फत जानकारी गराउनुपर्नेछ ।

**ग)** वस्तीतहका योजना छनौट गर्दा सो वस्ती भित्रका सबै वर्ग र समुदाय ( महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सिमान्तकृत, युवा, वालवालिका, जेष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, पिछडिएको वर्ग आदि) को प्रतिनिधित्व सुनिश्चित गर्नु पर्नेछ ।

**घ)** टोल बस्तीमा हुने योजना तर्जुमा प्रकृयामा टोल बस्ती भित्रका कियाशिल सामुदायीक संस्थाहरु ( टोल विकास संस्था, आमा समूह, वाल क्लव वा सञ्जाल, युवा क्लव, नागरिक सचेतना केन्द्र, विभिन्न सरकारी/ग्रैर सरकारी निकाय/कार्यालयबाट गठन भएका समूह जस्ता समूहहरु ) लाई पनि सहभागी गराउनु पर्नेछ।

उल्लेख भए बमोजिमका सरोकारवालाहरुको अधिकाधिक सहभागिता हुने गरी वडा सदस्यको नमा निर्धारित समय, मिति र स्थानमा उपस्थित भै योजना छनौटको सम्बन्धमा अन्तरक्रिया, ल, विमर्श गरी योजनाहरुको छनौट गर्नुपर्नेछ। यसरी छनौट भएका योजनाहरुको सूची संयोजकले ा रुपमा वडा समितिमा पठाउनु पर्नेछ । वडा समितिले सबै बस्तीबाट आएका ा/कार्यक्रमलाई माथी उल्लेख गरे बमोजिम सबै क्षेत्रहरुलाई समेट्ने गरी वडा स्तरिय प्राथमिकता ण गरी सो अनुसार योजना तथा कार्यक्रम छनौट गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश र्ने छ।

**षयगत योजना तर्जुमा छनौट एंव प्राथमिकिकरण**

मार्गदर्शनको बुँदा नं २ मा भएको प्राथमिकताको अतिरिक्त देहाय बमोजिम विषयगत योजना नकरण गर्नु पर्दछ।

विषयगत मन्त्रालयको नीति, योजना, कार्यक्रम र मार्गदर्शनलाई ध्यान दिनुपर्ने,

वडा स्तरबाट आएका योजना/कार्यक्रमहरुलाई आ-आफ्ना विषयगत क्षेत्रमा समावेश गर्न नकता दिने,

कुनै विषयगत क्षेत्र, कार्यालय, सामाजिक संघ संस्था र नगरपालिकाको आफ्नो कार्यक्रमसंग दोहोरो गरी योजना/कार्यक्रम छनौट एंव प्राथमिकिकरण गर्ने,

नतिजामूखी, धेरै जनसमुदायलाई लाभाम्बित तुल्याउने, गरिबी निवारणमा प्रत्यक्ष सहयोग पुऱ्याउने ना/कार्यक्रमलाई प्राथमिकता दिने,

माथि उल्लेख गरे अनुसार तयार भएको विषयगत योजना/कार्यक्रमहरु नगरपालिकाको विषयगत तेहरुमा छलफलको लागि प्रस्तुत गर्नु पर्नेछ।

**ामाजिक संघ संस्थाहरुलाई योजना तर्जुमा सम्बन्धी मार्गदर्शन :**

आगामी आर्थीक वर्षलाई योजना/कार्यक्रम तर्जुमा गरी नगरपालिकाको आफ्नो विषय मिल्ने यगत शाखा र समितिहरुमा अनिवार्यरुपमा पेश गर्नुपर्नेछ।

यस मार्गदर्शनको बुँदा नं. २ मा उल्लेखित प्राथमिकतालाई ध्यानमा राखी योजना/कार्यक्रम तर्जुमा र्नेछ।

वेषयगत शाखा, अन्य सामाजिक संघ संस्था, कार्यालय र नगरपालिकासंग समन्वय गरि योजना क्रममा दोहोपन नआउने गरी तर्जुमा गर्नु पर्नेछ।

घ) आफ्नो संघ संस्थाको विषय मिल्ने नगरपालिकाको विषयगत समितिको योजना कार्यक्रम तर्जुमा सम्बन्धी छलफलमा उपस्थित भई योजना कार्यक्रम पेश गर्नुपर्नेछ । यसरी पेश नभएका योजना/कार्यक्रमहरुलाई संचालन गर्न नगरपालिकाले रोक लगाउने छ ।

ङ) नगर क्षेत्रको कुनै वडा विशेषमा कुनै योजना कार्यक्रम संचालन हुने भएमा वडा स्तरीय योजना तर्जुमामा समेत कार्यक्रम पेश गर्नुपर्नेछ ।

च) बजेट तथा कार्यक्रम समितिले वडाबाट प्राप्त योजनाहरुलाई स्थानीय तहको आवधिक योजना, क्षेत्रगत नीतिहरु तथा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले तयार गरेको आयोजना प्राथमिकिकरण आधार तथा मार्गदर्शन बमोजिम योजनाहरुलाई विषयगत समितिहरुमा छलफल गराई विषयगत रुपमा प्राथमिकिकरण गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

## ७. आगामी आ.व.को लागी योजना तर्जुमा गदा निम्नानुसार गर्ने

- रु १ लाख भन्दा साना योजना/कार्यक्रममा छनौट नगर्ने,
- नगरको गौरवका योजनाहरु तोक्ने(रिङ्ग रोड, वडा केन्द्र र नगर केन्द्र जोडने, २ वा २ भन्दा वढि वडा जोड्ने ।
- १० लाख भन्दा माथिको योजना नगर स्तरीय हुने ।
- सडक निर्माणका क्षेत्रमा वडा कार्यालय देखि सदरमुकाम सम्म जोड्ने सडकलाई पहिलो प्राथमिकतामा राखी योजना तर्जुमा गर्ने, ट्रयाक ओपन भएका सडकको स्तर उन्नतीका लगी कार्यक्रम समावेश गर्ने ।
- सडकको सर्भे डिजाइन गरि एलाइन्मेन्ट निर्धारण भई सकेपछि डिजाइन भित्र परेका जग्गाहरुको लगत कट्टागरेपछि मात्र नया ट्रयाक खोल्ने प्रकृयालाई कडाईका साथ पालना गर्ने ।
- वडास्तरिय योजना तर्जुमा गर्दा विषयगत क्षेत्रहरु (आर्थिक विकास,समाजिक विकास,पुर्वाधार विकास,वन वातावरण तथा विपद् व्यवस्थापन र सुशासन तथा संस्थागत विकासका क्षेत्रमा संतुलित रुपमा वजेट तथा कार्यक्रम विनियोजन हुनेगरि योजना/कार्यक्रम तर्जुमा गर्ने ।
- वडा भित्र रहेका टोल विकास संस्था लगायत समुदायमा क्रियाशिल संघ सस्थाहरुलाई परिचालन गर्ने गरि योजाना तथा कार्यक्रमहरु तर्जूमा गर्ने ।

८. योजनाहरु वडा स्तरिय/नगर स्तरिय/प्रदेश स्तरिय/संघ स्तरिय/ सभाषद विकास कोष/विदेशी कुटनितिक नियोग एवं दातृनिकाय स्तरिय योजनाहरु छुट्याई नगर सभा समक्ष पेश गर्नु पर्ने ।

९. माथी उल्लेखित मार्गदर्शनहरुलाई अवलम्बन गरी आगामी आ.व. ०७५/०७६ को लागि त्यस विषयगत क्षेत्र/वडाको बजेट सिलिङ्ग निम्नानुसार रहेको छ । सो बजेट सिलीङ्ग को सिमा भित्र रहि योजना/कार्यक्रम तयार गर्नु पर्नेछ । आगामी आ.व. का लागी नेपाल सरकार समानिकरण अनुदान रु १७,८९८,७०००/,राजश्व वाँडफाँट वाट प्राप्त हुने आय रु ७,०३,४३०००/ र आन्तरिक आय अनुमान रु १,५३,४६००० गरि जम्मा रु कुल आय २६,४६,७६,००० अनुमानका आधारमा निम्नानुसार वजेट सिलिङको सिमा निर्धारण गरिएको छ ।

| क्र.स. | विवरण | वजेट सिलिङ | कैफियत |
|---|---|---|---|
| १ | चालु (संचालन) खर्च | ८ करोड | |
| २ | समपुरक कोष तथा अन्य कोष | २ करोड | |
| ३ | गत आ.व.को दायीत्व | १ करोड | |
| ४ | विषयगत क्षेत्र | | |
| क | आर्थिक विकास | १ करोड | |
| ख | समाजिक विकास | २ करोड | |
| ग | पुर्वाधर विकास | ६ करोड ८० लाख | |
| घ | वन वातारण तथा विपद व्यवस्थापन | ५० लाख | |
| ङ | सुशासन तथा संस्थागत विकास | ५० लाख | |
| च | वडागत योजनामा विनियोजन | २ करोड २० लाख | |
| छ | नगरस्तरिय योजना तथा कार्यक्रम | २ करोड २० लाख | |
| ज | यन्त्र उपकरण संचालन कोष | २६ लाख ७६ हजार | |
| | जम्मा | २६,४६,७६,००० | |

०, वस्ती टोलस्तरिय योजना छनौट देखि नगर सभाको वैठक सम्वन्धि कार्ययोजना निम्नानुसार रहेको छ सो अनुरुप पालना गरि योजना तथा कार्यक्रम तर्जुमा गरि पेश गर्नुपर्ने छ ।

, वस्ती/ टोल स्तरवाट योजना छनौट (प्रत्येक वडावाट)

| क्र.स. | विवरण | समय सीमा | कैफियत |
|---|---|---|---|
| | वस्ती/ टोल स्तरवाट योजना छनौट ( प्रत्येक वडावाट) | २०७५ जेष्ठ २२ गते सम्म | |
| | वडास्तरिय योजना तथा कार्यक्रम प्राथमिकिकरण | २०७५ जेष्ठ २४ गते सम्म | |
| | विषयगत समितिहरुमा छलफल/ | २०७५ जेष्ठ ३१ गते सम्म | |
| | नगरस्तरिय योजनाको प्राथमिकिकरण | २०७५ आषाढ १ गते | |
| | एकीकृत वजेट तथा कार्यक्रम तर्जुमा | २०७५ आषाढ १० गते सम्म | |
| | कार्यपालिकाको वैठक वाट स्वीकृति | २०७५ आषाढ १५ गते सम्म | |
| | नगरसभाको वैठक एवं नगरविकास योजनाको स्वीकृति | २०७५ आषाढ २२ गते सम्म | |

१, वडागत रुपमा योजना कार्यक्रम तर्जुमा गर्ने (वस्ती टोल स्तर वाट) सम्वन्धी कार्यतालिका

| वडा नं | मिति | समय | स्थान | जिम्मेवार व्यक्ती |
|---|---|---|---|---|
| | २०७५/२/२० | विहान १० वजे | न.पा. कार्यालय भवन | वडा अध्यक्ष र वडा सचिव, सा.प., सुरज श्रेष्ठ र (प्र.प्र.अ.) |
| | २०७५/२/२० | विहान १० वजे | वडा कार्यालय चारवर | वडा अध्यक्ष, वडा सचिव, सुरेश कार्की, रोषण |

| | | | | |
|---|---|---|---|---|
| | | | | निरौला,सरोज श्रेष्ठ |
| ३ | २०७५/२/२१ | विहान १० वजे | महेन्द्र मा.वि. मानेभन्ज्यांग | वडा अध्यक्ष, वडा सचिव, सा.प.,सविर दर्जी, राम ब.ठाकुर,कृष्ण प्र. राई |
| ४ | २०७५/२/२२ | विहान १० वजे | अरुण थान | वडा अध्यक्ष, वडा सचिव, सा.प., राजकुमार राई, योगीता निरौला,बेन्जना गुरुङ |
| ५ | २०७५/२/२१ | विहान १० वजे | सरस्वती मा.वि. माल्टा | वडा अध्यक्ष, वडा सचिव, सा.प.,रोषण निरौला, खेमराज निरौला |
| ६ | २०७५/२/२० | विहान १० वजे | विद्योदय संस्कृत मा.वि. तल्लो पांठा | वडा अध्यक्ष, वडा सचिव, सा.प., दिपकमणि घिमिरे |
| ७ | २०७५/२/२० | विहान १० वजे | मंगलादेवि मा.वि.तिनपोखरी | वडा अध्यक्ष, वडा सचिव, सा.प. ,खेमराज निरौला, शारदा नेपाल |
| ८ | २०७५/२/२२ | विहान १० वजे | वडा कर्यालय भवन डाडागाउ | वडा अध्यक्ष, वडा सचिव, सा.प., गणेश श्रेष्ठ, रुद्रमणि श्रेष्ठ |
| ९ | २०७५/२/२२ | विहान १० वजे | वडा कार्यालय वैद्यगाउ | वडा अध्यक्ष, वडा सचिव, सा.प., दिनेश कट्टेल |
| १० | २०७५/२/२१ | विहान १० वजे | वडा कार्यालय भवन | वडा अध्यक्ष, वडा सचिव, सा.प.,चुडामणि दाहाल, दिनेश कट्टेल, सुरज श्रेष्ठ |
| ११ | २०७५/२/२१ | विहान १० वजे | हिमालय मा.वि.आंला | वडा अध्यक्ष, वडा सचिव, सा.प.,कमल कार्की,मनोज कु.चापागाँई, वसन्त राई |

**नोट : वडा भेला संचालन र व्यवस्थापनका लागि प्रति वडा रु १०,०००। उपलब्ध हुनेछ ।**